मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को
# बजेट वक्तव्य

**मालिकार्जुन गाउँपालिका, दार्चुला**

**२०८३**

## मालिकार्जुन गाउँपालिका गाउँ सभाको सोहौं अधिवेशनमा मालिकार्जुन गाउँपालिकाका उपाध्यक्ष श्री कल्यान सिंह धामी द्वारा प्रस्तुत

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

मालिकार्जुन गाउँपालिका
शंकरपुर, दार्चुला,  सुदूरपश्चिम प्रदेश, नेपाल
२०८३ असार १० गते, बुधबार
Website: www.malikarjunmun.gov.np
E-mail: mrmdarchula@gmail.com

**यस गरीमामय सभाका सभाध्यक्ष महोदय,**

गाउँ सभा सदस्यज्यूहरु, यस सभाका सचिव, विषयगत शाखा प्रमुख एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पूर्व जनप्रतिनिधि, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेस गर्नु पर्ने व्यवस्था भए बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ सभाको सोहौं अधिवेशनको पहिलो बैठकमा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न काल खण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, २०८२ भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मानका साथै गहिरो सहानुभुति प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि अथक योगदान दिने सम्पूर्ण आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

३. देश संघीय प्रणालीमा गइसकेपछी संघीयताको सिद्धान्त अनुरुप संवैधानिक व्यवस्था बमोजिम यसै गरिमामय सभाबाट हामी बजेट अधिवेशनमा प्रवेश गरिसकेका छौं ।

४. स्थानीय तहको दोस्रो कार्यकालका लागि २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात कार्यभार सम्हालेको चार वर्ष पूरा भइसकेको छ । यस समयावधिमा थुप्रै जनअपेक्षाहरुको सम्बोधन गर्ने प्रयास गरेका छौं र त्यसकै निरन्तरता स्वरुप आगामी आर्थिक वर्षको बजेट निर्माण गरेको छु ।

५. आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट, मुलुकको आर्थिक वृद्धिमा टेवा पुर्याउने, गाउँपालिकाको आर्थिक सामाजिक स्थितिलाई सुधार गर्ने, विद्यमान सामाजिक विकृति, विसङ्गतीहरुको अन्त्य गर्दै स्वस्थ र

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

क्रियाशील एवं आर्थिक रुपले सक्रिय नागरिक उत्पादन गर्दै उत्पादन र उत्पादकत्वमा अभिवृद्धि मार्फत् रोजगारी सिर्जना गर्न तर्फ केन्द्रीत हुन आवश्यक छ ।

६. यस अवस्थामा मालिकार्जुनवासी आम नागरिकहरुको जीवन रक्षा गर्ने, समाजमा व्याप्त विकृति विसङ्गतिहरुको अन्त्य गर्दै भविष्य प्रति आधारयुक्त आशा जगाउनका लागि उत्पादन, उत्पादकत्व वृद्धि तथा रोजगारी सिर्जना र शिक्षा तथा स्वास्थ्यको अवस्थामा सुधार ल्याउन आवश्यक देखिन्छ । तसर्थ उल्लेखित विषयहरुमा केन्द्रीत भई अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी आवश्यक छलफल सहित सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

७. गाउँपालिकाको आन्तरिक आम्दानी न्यून रहेको तथा संघ र प्रदेशबाट बढी मात्रामा सशर्त बजेट विनियोजन भई आउने, समानीकरण बजेटबाट चालु तर्फ खर्च गर्नुपर्ने बाध्यता रहेको हाम्रो परिवेशमा प्राप्त बजेटको महत्तम सदुपयोग गर्दै निर्दिष्ट लक्ष्य हासिल गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सबल बनाउँदै दिगो विकास लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु एवं **"समृद्ध मालिकार्जुन, सुखी मालिकार्जुनबासी"** को नारा सफल पार्न तर्फ हाम्रो ध्यान आकृष्ट हुन जरुरी छ । यद्यपी संघ सरकारले उपलब्ध गराउने वित्तीय हस्तान्तरण समेत राजस्व नउठेको लगायतका कारण देखाई अनुदान रोक्का राख्ने, घटी अनुदान पठाउने गरेको तितो यथार्थ हाम्रो सामु विद्यमान छ । तसर्थ संघ र प्रदेशबाट हस्तान्तरण हुने रकमका आधारमा तयार गरिएको प्रस्तावित बजेटमा समेत प्रतिबद्धता अनुरुपको बजेट पूर्णरुपमा प्राप्त हुने तर्फ विश्वस्त हुने आधार छैन । जसले गर्दा अन्तिम समयमा भुक्तानीमा समस्या देखिन सक्ने हुन्छ ।

**सभाध्यक्ष महोदय,**

८. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु, सोह्रौं योजना, दीगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकारका प्रमुख नीतिहरु तथा मालिकार्जुन गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरेका नीति तथा कार्यक्रमहरु, मध्यमकालीन खर्च संरचना, आवधिक योजना तथा विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई आधार बनाएको छु ।

कल्यान सिंह धामी
उपाध्यक्ष

९. बजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानून, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा लेखा परीक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्ययन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु।

सभाध्यक्ष महोदय,

१०. अब म गत आर्थिक वर्ष २०८१/८२ को यथार्थ आर्थिक गतिविधिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- गत आर्थिक वर्ष २०८१/८२ मा प्रस्तावित निकासा प्राप्त अनुदान रू.५१ करोड १८ लाख ३ हजार ५ सय ८२ रुपैया १५ पैसा रहेको थियो। जसमा खुद आन्तरिक आय रु. २८ लाख ६० हजार ८ सय ७० रुपैया ६० पैसा र भुक्तानी दायित्व तथा संचित कोष मौज्दात रु.१ करोड ९२ लाख ६७ हजार ९ सय ८४ रपैयाँ ३३ पैसा मात्र रहेको थियो। जसमध्ये कुल खर्च रु. ४४ करोड ४८ लाख १४ हजार ६ सय ६४ रुपैया ४८ पैसा भएको थियो। जसमा वास्तविक पुँजीगत खर्च रु. १० करोड ७७ लाख १ हजार १ सय ९१ रुपैया ०६ पैसा र चालु खर्च तर्फ रु. ३३ करोड ७१ लाख १ हजार ४ सय ७३ रुपैया ४२ पैसा भएको थियो भने रु. २ करोड ५८ लाख ४५ हजार १ सय २३ रुपैंया ९८ पैसा बजेट सशर्त अन्तर्गत खर्च गर्न नमिल्ने शर्तका कारण फ्रिज हुन पुगेको थियो। गत आर्थिक वर्षमा पुरा हुन नसकेका योजना लाई सोहि रुपमा निरन्तरताका लागी बाँकि बजेट चालु बर्षमा खर्च गरिएको बेहोरा समेत उल्लेख गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

११. अब म मालिकार्जुन गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समीक्षा गर्ने अनुमति चाहन्छु।

- चालु आर्थिक वर्ष २०८२/८३ मा कुल राजस्व रकम रु. ५५ करोड ४० लाख ३० हजार ७ सय ४२ रुपैयाँ १४ पैसा प्राप्त हुने अनुमान गरिएकोमा चालु आ.ब. को असार मसान्तसम्मको लागी रु. ४७ करोड १० लाख ९७ हजार ६ सय ५५ रुपैयाँ ७६ पैसा प्राप्त भई सोही आधारमा खर्च हुने संशोधित अनुमान छ

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोकपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

। जसमा चालु खर्च तर्फ रु. ३८ करोड ६३ लाख ६६ हजार ५८ रुपैया र पुंजीगत खर्च तर्फ रु. १६ करोड ७६ लाख ६४ हजार ६ सय ८४ रुपैया १४ पैसा खर्च हुने संशोधित अनुमान छ।

➢ चालु आर्थिक वर्षमा राजश्व संकलन रु. ३० लाख हुने अनुमान गरिएकोमा चालु आ.ब को जेठ मसान्तसम्मको वास्तविक संकलन तथा असार मसान्तसम्ममा अनुमानित रू. १५ लाख आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ।

➢ संघीय अनुदान तर्फ आ.ब २०८२/८३ मा रु. ४२ करोड ६६ लाख ९० हजार प्राप्त हुनेगरी बजेट सिलिङ्ग प्राप्त भएको र प्रदेश सरकारबाट रु. ४ करोड १२ लाख ८० हजार वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकारसंग राजश्व बाँडफाँटबाट प्राप्त हुने रु. ७ करोड ९५ लाख ६४ हजार ४ सय २७ रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म प्राप्त संघीय समानीकरण अनुदान रकम रु. ९ करोड ८९ लाख ४२ हजार ९ सय ५० रुपैया, प्रदेश समानीकरण अनुदान रकम रु. ९७ लाख ७४ हजार ८ सय ३६ रुपैया र संघ तथा प्रदेशबाट प्राप्त राजस्व बाँडफाँट रकम रु. ६ करोड ७३ लाख २८ हजार ३ सय ९२ रुपैया मात्र निकासा प्राप्त भएको र सङ्घीय सरकारले न्यून राजस्व संकलन भएको कारण देखाई चौथो त्रैमासिक किस्ता वापतको प्राप्त हुनुपर्ने समानीकरण अनुदानमा करिब २१ प्रतिशत कम रकम मात्रै हस्तान्तरण गर्न गराउन हुन भनि सम्बन्धित निकायमा परिपत्र गरेकाले संशोधित अनुमानमा समेत फरक पर्न सक्ने अवस्था छ।

**सभाध्यक्ष महोदय,**

१२. अब म चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न बमोजिम भएको बेहोरा यहाँहरु समक्ष पेस गर्ने अनुमति चाहन्छु।

➢ मालिकार्जुन गाउँपालिकाको प्रशासकीय भवनको कार्य स्वीकार गरी केही समयमा उक्त भवनबाट सेवाको थालनी हुने, वडा नं. १ को वडा कार्यालय भवन, भगवती स्वास्थ्य चौकी भवन तथा डाडाकोट स्वास्थ्य चौकीको भवन निर्माण कार्य सम्पन्न भएको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

- गाउँपालिकाको आफ्नै स्काइभेटर प्रयोग गरी मालिकार्जुन गा.पा. ३ सिमलगैर बजारदेखि सुगरखाली सम्म, वडा नं. ५ को मल्तडी हराडीगाड सम्म सडक पहुँच पुऱ्याएको छ । ठेक्काबाट गर्नुपर्दा समयमा निर्माण व्यवसायी नआउने, विभिन्न प्रकृयागत जटिलता, खरिद कार्यमा लाग्ने सयम लगायत कारणले ढिलो र लागतप्रभावी पनि नहुने अवस्थामा आफ्नै जेसिवीको प्रयोग गरी निर्माण गर्दा मितव्ययी रुपमा छोटो समयमै निर्धारित लक्ष्य हासिल गर्न सफल भएका छौं ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई सबलीकरण गर्दै यसको प्रभावकारी कार्यान्वयन मार्फत वित्तीय अनुशासन र पारदर्शिता कायम गर्ने प्रयत्न गरेका छौं ।
- सबै किसिमका योजनाहरु समयमै सम्पन्न गर्नको लागि पटक पटक निर्माण व्यवसायीलाई ताकेता गर्नेदेखि लिएर स्थलगत अनुगमन, निरीक्षण लगायतका कार्यमा विशेष जोड दिइएको छ । साथै निकासा प्राप्त रकम फ्रिज हुन नदिन समयमै बोलपत्र आव्हान गरी कार्यान्वयन गर्ने कार्यशैलीको विकास गरिसकिएको छ । तथापी विभिन्न निकायबाट ढिलो गरी बजेट प्राप्त हुँदा सोही अनुसार ढिलो बोलपत्र आव्हान हुने, बोलपत्रको लामो प्रकृया तथा मौसमी प्रतिकुलता समेतका कारणले केही निर्माण कार्य अधुरो रहने अवस्था छ । त्यसमा पनि निरन्तरको पत्राचार तथा सहजीकरणका माध्यमबाट अधिकतम निर्माण कार्य सम्पन्न गर्न तर्फ गाउँपालिका केन्द्रीत छ ।
- सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्र्याक खोल्ने तथा अवरुद्ध सडक सुचारु र विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- आफ्नै एक्साभेटर मार्फत न्यून बजेट खर्चमा अधिकतम सडक विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्षमा मात्रै १३.५ किलोमिटर भन्दाबढी सडकको नयाँ ट्र्याक खोल्ने कार्य र पालिकाभरीको सबै अबरुद्ध शाखा सडकमा ट्र्याक खोल्ने तथा स्तरोन्नती गर्ने कार्य समेत करिव ५४ किलोमिटर अबरुद्ध सडक सफाई गर्ने कार्य सम्पन्न भएको छ ।
- स्थलगत अनुगमन तथा निरीक्षणलाई विशेष महत्वका साथ अगाडी बढाइएको छ ।

कल्याण सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...
सुदूरपश्चिम प्रदेश, नेपाल

- न्वालपानी लिफ्टिङ खानेपानी, फिरुडी लिफ्टीङ खानेपानी, कोटिला लिफ्टिङ, भद्वाडी मटेखाली खानेपानी, वडा नं. १ का विभिन्न खानेपानी, रेबली खानेपानी लगायतका थुप्रै खानेपानी योजनाहरुको निर्माण, मर्मत तथा पुनर्निर्माण कार्य सम्पन्न गरिएको छ।
- विप्यारोडा लिफ्टिङ खानेपानी योजना VFD खरिद तथा मर्मत कार्य सम्पन्न भएको छ।
- चालु आ.व. २०८२/०८३ मा वडा स्तरीय योजना १२४, अमानतबाट ४ वटा र ठेक्काबाट ९ वटा गरी कुल १३७ योजना निर्माणको चरणमा रहेका छन्। योजनागत व्यवस्थापनका लागि प्रणालीको प्रयोग मार्फत सेवा प्रवाहमा सरलीकरण तथा अभिलेखीकरणलाई व्यवस्थित बनाउने कार्य गरिएको छ।
- मासिक रुपमा शिक्षक तथा कर्मचारीको तलब भत्ता विद्युतीय कारोबार प्रणाली (EFT) मार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गरिएको छ।
- विद्यालय तहको परीक्षालाई वस्तुनिष्ठ, विश्वसनीय बनाउन प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन लगायतका कुराहरुमा एकरुपता कायम गर्न एउटै प्रश्नपत्र र एउटै समय तालिकामा परीक्षा सञ्चालन गर्ने वातावरण मिलाइएको छ।
- कक्षा ८ को परीक्षा गाउँपालिका स्तरीय गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट नतिजा, प्रकाशन तथा विश्लेषण गर्ने पद्धतिको विकास गरिएको छ।
- विषगत दक्ष र विज्ञ शिक्षकहरुबाट विद्यालयमा नमुना पाठ प्रदर्शन, सुपरीवेक्षण तथा पृष्ठपोषण तथा नियमित विद्यालय अनुगमन तथा सुपरीवेक्षण मार्फत आवश्यक सुधारको प्रयत्न गरिएको छ। विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न ३८ वटै सामुदायिक विद्यालयका सरोकारवालाहरुसँग कार्ययोजना निर्माण कार्यशाला सम्पन्न भएको छ।
- विद्यालयसँग सम्बन्धित सम्पूर्ण तथ्य, तथ्याङहरु तथा सूचनाहरु व्यवस्थित गर्न विद्यालय अभिलेख व्यवस्थापन सम्बन्धी ३ दिने कार्यशाला सम्पन्न भएको छ।
- सम्पूर्ण विद्यालयहरूमा तहगत, कक्षागत र विषयगत शिक्षक व्यवस्थापन गरी शिक्षक अभावलाई न्यून गरी गुणस्तरीय शिक्षाको सुनिश्चिततामा जोड दिइएको छ।

कल्याण सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

- हरेक विद्यालयमा नियमित योगअभ्यासलाई जोड दिइएको छ। साथै अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- विद्यालयका भौतिक पूर्वाधार निर्माणमा आवश्यक पहलकदमी गरिसकिएको छ। दश वर्षे शिक्षा योजनाको मस्यौदा उपर विस्तृत छलफल पश्चात अन्तिम रुप दिइएको छ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भई जिल्ला स्तरीय प्रतियोगितामा जिल्लामा तेस्रो स्थान हासिल गरेको छ।
- विद्यालय दिवा खाजा कार्यक्रम क्यास मोडेलमा गई सकेपछि विद्यालयहरूमा खुवाउने दिवाखाजाको मेनु पालिकाबाट स्विकृत गरी सम्पूर्ण विद्यालयहरूमा लागू गरिएको।
- मालिकार्जुन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनलाई दुरुस्त बनाउन सम्पूर्ण स्थायी शिक्षकहरुको लागि एक दिने कार्यसम्पादन अभिमुखिकरण कार्यशाला सम्पन्न गरिएको छ।
- हालसम्म स्वास्थ्य संस्थाहरु मार्फत २० हजार ९४ जना लाई स्वास्थ्य सेवा प्रदान गराइएको छ जस मध्ये ६ सय ७७ जनालाई आकस्मिक स्वास्थ्य सेवा प्रदान गराइएको छ,
- पालिकालाई पुर्ण खोप पालिका सुनिश्चता तथा दीगोपना घोषणा कार्यक्रम सम्पन्न गरीएको छ।
- यस आर्थिक बर्षमा गाउँपालिकालाई वाल विवाह मुक्त गाउँपालिका घोषणा भए सँगै जिल्लाको पहिलो बाल बिवाह मुक्त गाउँपालिका भएको छ।
- मालिकार्जुन गाउँपालिकामा रहेको १० शैय्याको मालिकार्जुन आधारभुत अस्पताल प्रभावकारी रुपमा सञ्चालनका गरिएको छ, हाल ल्याब टेक्नीसियन, फार्मेसी सहायक, डेन्टल हाईजिनिष्ट, रेडियोग्राफर पदहरु पदपूर्ति गरि DR-Xray, Dental Setup, १५ वटा Hospital Bed, Hot air Oven, Electric Analyzer र Auto Clip जस्ता उपकरणहरु समेत व्यवस्थापन गरि अस्पतालको सेवा बिस्तार गरी स्तरोन्नती गरीएको छ,
- समयमै औषधीको आपूर्ती तथा परिपूर्तीका लागि स्वास्थ्य संस्थाहरुमा निःशुल्क वितरणका लागी प्रयाप्त औषधीको व्यवस्थापन गरीएको छ,
- नियमित नागरिक आरोग्य सेवा क्लिनिक सञ्चालनमा रहेको छ। बाथ रोगीहरुको लागि नियमित स्नेहन र स्वेदन सेवा सञ्चालनमा रहेको छ। साथै स्तनपायी आमाहरुलाई दुग्धवर्धक आयुर्वेदिक औषधी वितरण कार्यक्रम निरन्तर चलिरहेको छ। ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

- नसर्ने रोग न्यूनीकरणका लागि जनचेतना फैलाउने उद्देश्यले आत्म अनुशासन सम्बन्धी विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत समाजमा विद्यमान कुरीति तथा विसंगतीहरुको अन्त्य एवं मानसिक तथा शारीरिक स्वास्थ्य सुधारका साथै ध्यान केन्द्रित गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम माध्यमिक विद्यालयहरुबाट शुरुवात गरिएको छ भने गाउँपालिकाको सभाहलमा समेत नियमित रुपमा निःशुल्क योग तथा ध्यान गर्ने शैलिको विकास गरिएको छ।
- जेड स्कोर अभियान (Z–Score) मार्फत कुपोषित बालबालिकाहरुको पहिचान गरी विभिन्न उपचारका कार्यक्रम सञ्चालन गरिएका छन।
- सुनौला हजार दिनका आमाहरुको पोषण अवस्था सुधार गर्नका लागि आय आर्जनमा आधारित प्रति जना २५ हजारका दरले नगद रकम हस्तान्तरण सम्पन्न गरिएको छ।
- किशोर किशोरीहरुलाई प्रजनन् स्वास्थ्यका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत १४ वटा कृषि फर्म/समूह/सहकारी मा साना सिंचाई योजना निर्माण भएर सिंचाई सुविधा विस्तार भएको छ।
- पकेट विकास कार्यक्रम अन्तर्गत ७५० ओखरका दाते विरुवा रोपन भएर ओखर खेती हुने क्षेत्रफलमा वृद्धि भएको छ।
- कृषकहरुको आयआर्जनमा सुधारका लागि उन्नत जातका तरकारीका मौसमी तथा बेमौसमी (बन्दा, काउली, पिरो खुर्सानी, सिमला, काक्रो, भिंडी, भन्टा, लौका, फर्सी, आदि) र धानको बीउ ७०% अनुदानमा गरिएको छ।
- विपन्न तथा आर्थिक विभेदमा परेका वर्गहरुलाई राहत पुऱ्याउने उदेश्यले १२० परिवारलाई विभिन्न कृषि औजार तथा उपकरण (मिनिटिलर, गोला सहितको मौरी घार, साना सिंचाई निर्माण, आदि) निशुल्क वितरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ।
- मालिकार्जुन गाउँपालिकाको वडा नं. ३ मा कृषि समूह मार्फत ओखर पकेट कार्यक्रम स्थापना गरिएको छ।

कल्याण सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

- नेपाल जलवायु नमुना कार्यक्रम अन्तर्गत वडा नं. २ मा बर्षा पुनर्जल भरण पोखरी निर्माण, उन्नत जातका बोका खरिद, भैसी वितरण तथा पलाष्टिक टंकी वितरण कार्य अन्तिम चरणमा रहेको छ।
- कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ सञ्चालित गोठ सुधार कार्यक्रम सञ्चालनमा रहेको छ। कृतिम गर्भाधान कार्यक्रमको व्यवस्थापन गरिएको छ।
- सुविधासम्पन्न ल्याब सहितको कृषि तथा पशुपंक्षी विकास शाखाको एकीकृत भवनबाट सेवा सुचारु भएको छ।
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माणमा शुन्य सहनशीलताको नीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइएको छ। विभिन्न समयमा हुने अनुगमन तथा गुणस्तर सुधारमा प्रविधिको प्रयोग गरिएको छ।
- रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ। यसबाट विभिन्न तालिममा सहभागीको दिर्घकालिन रोजगारीको अपेक्षा गराइएको छ। गाउँपालिकाको बेरोजगार सुचिमा रहेको प्राथमिकताक्रम अनुसार छनौट भएका ३८ जनाले प्रत्यक्ष रुपमा विकास निर्माणका काममा सहभागी भइ कम्तीमा १०० दिनको न्यूनतम रोजगारीको प्रत्याभुती गरेका छन्।
- सेवा प्रवाहमा उल्लेखनीय सुधारका लागि विभिन्न चरणमा पटक पटक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बेरुजु घटाउने उद्देश्यका साथ सम्परीक्षणको कार्य भइरहेको छ।
- अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत चालु आर्थिक वर्षमा उपभोक्ताको श्रमदान समेत हुनेगरी विभिन्न वडामा खानेपानी, बाटो, सिँचाई, पहिरो नियन्त्रण लगायतका १४ वटा योजनाहरु सम्पन्न भएका छन्।
- शिक्षाको पँहुच सुनिश्चितता गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्धेश्य पूरा गर्न आ.व. २०७९/०८० देखि नियमित संचालनमा रहेको **उपाध्यक्ष संग बालवालिका शिक्षा सुरक्षा कार्यक्रम** अन्तर्गत मालिकार्जुन गाउँपालिकाभित्रका सम्पूर्ण (३८ वटा) सामुदायिक विद्यालयमा अध्ययनरत १०८६ जना विद्यार्थीहरु, कक्षा ०-३ सम्मका सबै (बालविकास समेत) र कक्षा ४-१२ सम्मका अनाथ, असहाय बालवालिकाहरुलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रमका **उपाध्यक्ष संग बालवालिका शिक्षा सुरक्षा कार्यक्रम** अन्तर्गत बालविकास कक्षामा अध्ययनरत ४१९ विद्यार्थीहरुले प्रति विद्यार्थी LED Writing Tab १ थान, कक्षा १-३ मा अध्ययनरत ४९७ विद्यार्थीहरुले प्रतिविद्यार्थी कापी १० थान,

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
संकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

पेन्सिल २४ थान, कटर १२ थान, इरेजर १२ थान र झोला १ थान र कक्षा ४-१२ मा अध्ययनरत १७० विद्यार्थीहरुलाई कापी १० थान, कलम २४ थान, ज्यामिट्री बक्स १ थान लगायतका शैक्षिक सामग्रीहरु वितरण गरिएको छ ।

- मालिकार्जुन गाउँपालिकालाई जिल्लाकै प्रथम बाल विवाह मुक्त पालिका घोषणा गरिएको छ ।
- सहकारीका नियमनका लागि समीक्षा कार्यक्रम तथा अनुगमन कार्यलाई नियमितता दिइएको छ ।
- मालिकार्जुन गाउँपालिकाका विभिन्न वडाका १२ जना युवाहरुको रोजगारी सृजनाका लागि मालिकार्जुन गारमेन्ट उद्योग स्थापना गरीएको छ ।
- मालिकार्जुन गाउँपालिकाका वडा ५, ६ र ७ मा ४५ जनालाई लघुउद्यम विकास मोडेल अनुसार उद्यमशीलता तालिम, सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण गरिएको छ ।
- गाउँपालिकाको वडा नम्बर २ र ८ का १५ जना उद्यमीहरुको स्तरोन्नतीका लागि १० दिने नमकिन तथा दालमोठ बनाउने एडभान्स सीप तालिम र व्यवसायीक परामर्श प्रदान गरिएको छ ।
- स्थानीय विपद् प्रतिकार्य योजना निर्माण गरिएको छ । विभिन्न समयमा परेको वर्षाका कारण आएको पहिरो तथा हावाहुरीबाट भएका विपद् घटनाको तत्काल समाधान गर्ने प्रयत्न स्वरुप निजी आवास तथा सामुदायिक विद्यालय समेतलाई राहत सामाग्री वितरण गर्ने तथा प्राविधिक प्रतिवेदनका आधारमा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको छ ।
- मनसुनजन्य विपद् घटना रोकथाम तथा न्यूनीकरणका लागि आवश्यक पूर्वतयारी गरिएको छ ।
- मनसुनजन्य विपद घटनाका सम्बन्धमा जानकारी प्राप्त हुनासाथ कार्यालयको टोली फिल्ड अनुगमनमा खटिइ Kobo-collect App मार्फत् वास्तविक विवरण संकलन गर्ने कार्य निरन्तर छ । चालु आ.व. २०८२/०८३ मा मात्रै १ परिवारको पुनर्स्थापना, २ परिवारको पुनर्निर्माण र १ जना मर्मत/प्रबलीकरणमा छनौट भएका छन् ।
- आर्थिक अभाव भएका विपन्न तथा कडा खाले रोग लागेका नागरिकहरुलाई आर्थिक सहायता वितरण गर्ने कार्य नियमित सञ्चालनमा छ ।
- गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना ,जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

- यस गाउँपालिकाले गत आर्थिक वर्षको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा ७५.३० अंक प्राप्त गर्न सफल भएको छ।
- राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ।
- सेवा प्रवाहमा उल्लेखनीय सुधारका लागि विभिन्न चरणमा पटक पटक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

उल्लेखित कार्य प्रगति हुँदाहुँदै पनि मालिकार्जुन गाउँपालिका विकासका लागी विभिन्न समस्या चुनौतीहरु विद्यमान छन। भौगोलिक, हावापानी, साँस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधतायुक्त यो गाउँपालिकामा विकासका दृष्टिले सबै वस्ती र समाज समान रुपमा उन्नत छैनन्। कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता, निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ।

**सभाध्यक्ष महोदय,**

१३. मालिकार्जुन गाउँपालिकाको समग्र विकासको सन्दर्भमा चालु आर्थिक वर्ष २०८२/८३ मा देखिएका प्रमुख समस्या तथा चुनौतीहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहान्छु।

क. स्थानीय स्रोतबाट आम्दानी पर्याप्त नभएको र विकास योजना तर्जुमा गर्दा साना साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाइ छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभवयोग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ। स्रोतलाई एकीकृत गरी ठूला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पुर्याउनु चुनौतिपुर्ण देखिन्छ।

ख. सडक पुल जस्ता भौतिक संरचना निर्माणमा जग्गाको विषयमा विवाद हुने, लाभग्राहीबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुग्न सक्ने देखिन्छ। उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ठ ज्ञान र उपकरण नहुँदा निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिष्पर्धा सृजना हुने र सुशासन कायम गर्न थप चुनौती बढेको छ।

ग. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक

कल्यान सिंह धामी
उपाध्यक्ष

वर्षको अन्त्य सम्म आयोजना सञ्चालन गरी असार मसान्तमा भुक्तानी लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौंदेखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वयन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेको छ। उपभोक्ता समितिको क्षमता विकास एवं सार्वजनिक परीक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ।

घ. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा मेसिन मार्फत निर्माण कार्य गर्ने प्रवृतिले वास्तविक उपभोक्ता समितिको उद्देश्य बमोजिम हुन सकेको छैन। यसलाई व्यवस्थापन गर्नु चुनौतिपूर्ण छ।

ङ. संघ तथा प्रदेशबाट प्राप्त सिलिङ्ग अनुसार बजेट विनियोजन नहुँदा कटौती भएको स्रोत पूर्तिको विकराल समस्या सिर्जना भएको छ। जसबाट करौडौका योजना तथा कार्यक्रम भुक्तानी बाँकीमा सार्न बाध्य हुनुपरेको छ।

च. आन्तरिक आय न्यून हुँदा संघीय तथा प्रादेशिक अनुदानका भरमा गाउँपालिका सञ्चालन हुने हुँदा नयाँ कार्यक्रम सोच र उद्देश्यको कार्यान्वयन गर्न निकै नै चुनौतीपूर्ण रहेको छ।

छ. देशमा भएको नवयुवा (GenZ) आन्दोलन, प्रतिनिधी सभा निर्वाचन, अन्तराष्ट्रिय स्तरमा चलेको युद्धका कारण निर्माण सामग्री, ईन्धन लगायत दैनिक उपभोग्य सामाग्रीहरुमा समेत अप्रत्यासित मूल्य बृद्धिले गाउँपालिकाका गौरवका आयोजनाहरु निर्धारित समयमा सम्पन्न नहुने चुनौती थपिएको छ।

**सभाध्यक्ष महोदय,**

१४. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका उद्देश्य एवं प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन।

क) कृषि क्षेत्रको विस्तार, बाँझो जमिनको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

ख) युवा जनशक्तिमा उद्यमशीलता प्रवर्द्धन गर्दै रोजगारी सिर्जना गर्ने।

ग) उपलब्ध श्रोतसाधन, अवसर र क्षमताको उच्चतम परिचालन गरी विकास व्यवस्थापन गर्ने।

घ) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकता परिपुर्ति मार्फत गाउँपालिकाको लोककल्याणकारी भूमिका बढाउने।

ङ) सामाजिक, आर्थिक र गुणस्तरीय भौतिक पूर्वाधारको विकास मार्फत "सभृद्ध मालिकार्जुन, सुखी मालिकार्जुनबासी" निर्माण गर्ने तर्फ केन्द्रित हुने।

च) समाजमा रहेका कुरीति, विसंगतीको अन्त्यका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

छ) व्यवस्थित तथा सुलभ स्वास्थ्य सेवा र गुणस्तरीय सामुदायिक शिक्षामा जोड दिने।

ज) शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको विकास गर्ने।

झ) समग्र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै सेवा प्रवाहलाई प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने।

ञ) आन्तरिक राजस्वमा अभिवृद्धि गर्ने।

१५. उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु।

क) कृषि, पशु विकास तथा उद्यमशीलता मार्फत रोजगारी सिर्जना,

ख) शिक्षा, स्वास्थ्य र पर्यटन,

ग) गुणस्तरीय विकास र बाँझो जमिनको प्रयोग,

घ) सामाजिक सद्भाव, सहकार्य र एकतासँगै सभ्य समाज निर्माण,

ङ) गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, बालमैत्री, अपाङ्गमैत्री संरचना निर्माण,

च) वातावरण संरक्षण तथा विपद व्यवस्थापन,

छ) मानव संसाधन विकास तथा सेवा प्रवाहमा सहजता, प्रविधिमैत्री सेवा प्रवाह,

ज) प्राप्त योजना तथा कार्यक्रमको समयमै कार्यान्वयन।

झ) चालु आर्थिक बर्षमा सम्पन्न हुन नसकेका भौतिक निर्माण लगायतका अन्य योजनाहरुको निरन्तरता।

ञ) गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी एवं खुला सरकारको नीतिलाई थप व्यवस्थित गर्ने कार्य।

आगामी बर्षको क्षेत्रगत बजेट बिनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिइएको छ।

कल्याण सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

१६. अब म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ का लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**क) आर्थिक विकास तर्फः**

१. आर्थिक सामाजिक विभेदमा परेका वर्गको कृषि उत्पादन, उत्पादकत्व र आयआर्जन तथा जीविकोपार्जन सुधार (पोषणमैत्री करेसाबारी, कृषि बीउँबिजन, कृषि नर्सरी, कृषि यान्त्रीकरण, सिँचाई, कृषि संकलन तथा बिक्री केन्द्र, पशुपंक्षीपालन र नश्ल सुधार) कार्यक्रम सञ्चालनका लागि रु. २५ लाख बजेट विनियोजन गरिएको छ।

२. ७० प्रतिशत अनुदानमा खाद्य तथा तरकारी बीउबिजन वितरण कार्यक्रमका लागि रु. ५ लाख रकम विनियोजन गरिएको छ।

३. कृषि तथा पशुपंक्षी बीमा कार्यक्रम र विषादी खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

४. कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा सहलगानी स्वरुप ११ लाख रकम विनियोजन गरिएको छ।

६. पशु विकास कार्यक्रम अन्तर्गत औषधी खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम साझेदारीमा सहलगानीका लागि २० लाख विनियोजन गरिएको छ।

८. पर्यटन प्रवर्द्धन (राष्ट्रिय धाम श्री शैल्य मालिकार्जुन र ऐतिहासिक उकू महल पर्यटन प्रवर्द्धन कार्यक्रम) तथा जात्रा मेला व्यवस्थापनका लागि रु. ८ लाख बजेट विनियोजन गरिएको छ।

९. पालिका भित्रका ऐतिहासिक तथा सास्कृतिक सम्पदाहरुको पौराणीकता झल्किने वृतचित्र निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०. उपभोक्ता हित संरक्षणका लागि बस्तु तथा सेवाको मुल्य पारदर्शिता, गुणस्तर नियन्त्रण तथा नियमनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

११. सहकारी संस्था नियमन तथा व्यवस्थापन सम्बन्धी तालिमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**ख) सामाजिक विकास तर्फः**

१. मालिकार्जुन गाउँपालिकाको शिक्षा, विज्ञान, प्रविधि तथा खेलकुद प्रर्वर्द्धन कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२. शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय पूर्वाधार सुधार अन्तर्गत (फर्निचर, शौचालय, खानेपानी, भवन मर्मत संभार र घेरपर्खाल) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३. शैक्षिक गुणस्तर सुधारका लागि सेवाको गुणस्तर अभिवृद्धि (कम्प्युटर, डिजिटल बोर्ड र फाइबर विस्तार) कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. गाउँपालिका राहत शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापनका लागि विद्यालय अनुदान कोषको व्यवस्था गरिएको छ । गत आवको समेत गरी उक्त कोषमा रु. ३ करोड ५५ लाख ८४ हजार रकम विनियोजन गरिएको छ ।

५. पालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । साथै उक्त कार्यक्रममा विद्यालयहरुलाई आवश्यक रकम अनुदानमा दिने प्रबन्ध मिलाइएको छ ।

६. स्थानीय पाठ्यक्रम प्रवोधिकरण तथा स्थानीय पाठ्यपुस्तक/सन्दर्भ पुस्तक निर्माण तथा छपाइ कार्यका लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

७. सामुदायिक विद्यालयहरुमा दिवाखाजा व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

८. ९० वर्षमाथिका ज्येष्ठ नागरिकलाई सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

९. मानसिक स्वास्थ्य परामर्श तथा उपचार व्यवस्थापनका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

१०. एकल पुरुष भत्ता वितरण कार्यक्रम लागू गरिनेछ । उक्त कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

११. उपाध्यक्ष सँग बालबालिका शिक्षा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइएको छ । सोका लागि रु. २५ लाख बजेटको प्रबन्ध गरिएको छ ।

१२. अत्यावश्यक स्वास्थ्य औषधी तथा औजार उपकरण खरिद तर्फ रु. २४ लाख बजेट विनियोजन गरिएको छ ।

१३. नागरिक आरोग्य सेवा क्लिनिक संचालन कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

कल्याण सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१४. आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखामा फिजियोथेरापी उपचार सम्बन्धी उपकरण खरिदका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१५. आयुर्वेद सेवा सञ्चालन तथा औषधी, पञ्चकर्मका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१७. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ।

**ग) पूर्वाधार विकास तर्फ:**

१. पालिकाबाट क्रमांगत रुपमा निर्माण सम्पन्न हुने गरि फडके डुङरी सुत्तने सडक, लेठिया सिराड भद्रवाडी बजानी सडक, खुना गाडखोला सेलिचामा सडक, भद्रवाडी न्वालपानी दमौरा सडक, भगवती फिरुडी बुडखुना खुना सडक, चाडी सुकन्या कालामाटा जगतबिसा बुडखुना भगवती सडक, गडानी भैसेखर्क सडक, चैतलीचौरा गजाल गाडखोला सडक, चैतलीचौरा बसेडी गोरुवादे त्रिकाटै सडक, मालिकार्जुन बासिखोला मलवाब सडक, मालिकार्जुन तल्लागाउँ सडक, घागल सन्नि शाखा सडक, पाटामा औतालेक मल्तडी डाडाकोट सडक, हुनैनाथ चन्दनपुर सिलाजो टाटिक सडक, शंकरपुर गोठ्युडी बाजमा मन्दिर सडक, डाडाकोट मल्तडी हरडीगाड बसानी सडक, कमेडपानी बाँकु लिमा सडक, मल्तडी लुइटा सडक, बसानी च्युरानी थलाबन्थला शंकरपुर सडक, उकु रिङ रोड सडक, बाँकु रिङरोड दलित टोल जोड्ने सडक, बाँकु खेल मैदान जोड्ने सडक, थक्तोली रन्चनी रत्कोट सडक, पासादेउ पन्तपाली सडक, डिन्सी चौकी सडक, शौल्या जतरखानी गौल गाडखोला सडक, कौलागाडा देखि चिलघोली ओभासैन सडक, धामीगाडा चामी गौल गाडखोला सडक र पौडीमाडौं तल्लो पौडला सडक निर्माणका लागि रु. १ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ।

२. मेलखेत मन्दिर खेलमैदान, पाटामा हुनैनाथ खेलमैदान, रजवारपटगाडा डाडाकोट खेल मैदान, तामघाट बाँकु खेलमैदान र शंकरपुर खेलमैदान निर्माणका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु।

३. गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजनाको लागि सहलगानीका लागि आवश्यक बजेटको प्रबन्ध गरिएको छ।

४. ऐरीछाना डाडाँकोट बाँकु सडक योजनाका लागि सहलगानी आवश्यक बजेट विनियोजन गरेको छु।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

५. चाडी मौपानी सेलिचामा धामिगडा सडक निर्माण योजनाको लागि सहलगानीका आवश्यक बजेट विनियोजन भएको छ।

६. भोरकोट खोलिचौरा बसेडी त्रिकाटै गाडखोला सडक योजनाको लागि सहलगानीका आवश्यक बजेट विनियोजन भएको छ।

७. पालिका भित्रका स्थानीय सडकहरु नियमित सञ्चालनका लागि सडक मर्मत तथा सफाइ कार्यका लागी रु. २० लाख रकम विनियोजन गरिएको छ।

८. खानेपानी योजना निर्माण तथा सञ्चालनमा रहेका योजनाहरुको नियमित मर्मत सम्भारका लागि रु. ४० लाख बजेटको व्यवस्था गरेको छु।

९. जलस्रोत, सिंचाई तथा ढल निकास योजना निर्माणका लागि रु. ३० लाख रकम विनियोजन गरेको छु।

१०. पालिका भित्र रहेका ऐतिहासिक तथा पौराणिक नौला संरक्षणका लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

११. पालिका भित्रका विभिन्न मन्दिरहरु निर्माण तथा मर्मतका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

१२. संघ, प्रदेश तथा अन्य विभिन्न समपुरक योजनाहरुमा गाउँपालिकाको सहलगानीका लागि रु. १ करोड विनियोजन गरिएको छ।

१३. एक्साभेटर मर्मत तथा संचालन गत आवको समेतको लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ।

१४. दमौरा पर्यटक आवास गृह निर्माणका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छु।

१५. खानेपानी योजनाहरुमा विद्युत महसुलको लागि ५० प्रतिशत सहलगानीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१६. अध्यक्ष स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइएको छ।

१७. साना सिचाई, खानेपानी, बाटोघाटो, जस्ता अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१८. प्रेम सिंह धामी स्मृति पार्क निर्माणका लागि रु. १२ लाख बजेट विनियोजन गरिएको छ।

१९. नेशनल शहिद स्मृति प्रतिष्ठान साझेदारीका लागि आवश्यक बजेट विनयोजन गरिएको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

२०. पूजीगत तर्फ ८ वटै वाडामा साना पूर्वाधार योजना निर्माणको लागि १ करोड ४४ लाख र चालु तर्फ वडा कार्यालय सन्चालनको लागि १६ लाख गरी जम्मा १ करोड ६० लाख बजेट विनियोजन गरिएको छ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ:**

१. प्रकोप तथा बिपद ब्यवस्थापन कोषका लागि रु. २० लाख रकम विनियोजन गरिएको छ। साथै उक्त कोषमा राहत, उद्दार तथा विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। साथै सो कोषमा सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम जम्मा हुने र खर्च हुने व्यवस्था मिलाइएको छ।

२. अन्य सामाजिक सुरक्षा तथा आर्थिक सहायता अन्तर्गत रु. ५ लाख बजेटको व्यवस्था गरिएको छ।

३. पहिरो तथा भु स्खलन नियन्त्रणका लागि निगालो, बाँस प्रजातिका बिरुवा वृक्षारोपणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

४. सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना, विधान निर्माण र क्षमता विकासका लागि आवश्यक बजेट विनयोजन गरिएको छ।

**ङ) सुशासन तथा संस्थागत विकास तर्फ:**

१. कर्मचारी कल्याण कोषको प्रबन्ध गरिएको छ। समग्र सेवा प्रवाहलाई व्यवस्थित र प्रविधि मैत्री बनाउन विद्युतीय सुशासन प्रणालीको अवलम्बन गरिनेछ।

२. गाउँपालिकामा प्रशासनिक सुधारका लागि आवश्यक प्रविधि खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३. युवा लक्षित AI को प्रयोग सम्बन्धी तालिम, साझेदारीमा मोटिभेसनल (Motivational) अनुशिक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

४. सार्वजनिक सुनूवाई तथा सामाजिक परिक्षणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५. न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

६. मालिकार्जुन गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको आ.व. २०८३/०८४ को पारिश्रमिकमा संघीय तथा सुदूरपश्चिम प्रदेशबाट स्वीकृत भए बमोजिम वृद्धि गरिएको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

७. गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सेवा केन्द्रहरुको प्रशासनिक खर्च सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

८. कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक पर्ने पुनर्ताजगी तालिमहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९. एकीकृत घुम्ति शिविर कार्यक्रमलाई निरन्तरता दिइएको छ। सोको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

१७. अब म आगामीआर्थिक वर्ष २०८३/८४ मा मालिकार्जुन गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्न चाहन्छु।

- आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ रु **१० करोड ८२ लाख**, राजस्व बाँडफाँट अन्तर्गत रु. ८ करोड ३ लाख २७ हजार, सशर्त अनुदान रकम रु. २६ करोड ११ लाख, सामाजिक सुरक्षा तर्फ अनुदान रकम रु. ८ करोड ३० लाख, समपुरक अनुदान रु. २ करोड २६ लाख र विशेष अनुदान तर्फ रु. १ करोड ८० लाख गरी कुल रु. **५७ करोड ३२ लाख २७ हजार** प्राप्त हुने अनुमान छ।
- त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रकम रु. **१ करोड**, विशेष अनुदान तर्फ रु. **७६ लाख ५० हजार**, सवारी साधन कर तथा राजस्व बाँडफाँट अन्तर्गत रु. **२१ लाख ९० हजार**, समुपरक अनुदान तर्फ रु. **१ करोड १८ लाख ६७ हजार**, सशर्त अनुदान रु. **५ करोड २० लाख** गरी कुल रु. **८ करोड ३७ लाख ७ हजार** रकम वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने अनुमान छ।
- साथै, मालिकार्जुन गाउँपालिकाको आगामी आर्थिक वर्षका लागि आन्तरिक राजस्व तर्फ संकलन हुने अनुमानित रकम रु. **१ करोड** तथा गत वर्षको **अनुमानित नगद मौज्दात रु. २ करोड** समेत गरी अनुमानित **कुल वार्षिक बजेट रु. ६८ करोड ६९ लाख ३४ हजार** राजश्व प्राप्त हुने अनुमान गरिएको छ।

कल्यान सिंह धामी
उपाध्यक्ष

- आगामी आर्थिक वर्ष २०८३/८४ मा हुने व्यय तर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु, सामाजिक सुरक्षा लगायतका खर्च व्यवस्थापनको लागि कुल रु. ४९ करोड ९० लाख १७ हजार चालु तर्फ, पुँजीवृद्धि तथा विकास निर्माण कार्यका लागि कुल रु. १८ करोड ७९ लाख १७ हजार पुँजीगत तर्फ विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,-**

१८. अन्त्यमा, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने विषयगत समितिहरु, राजनीतिक दल, विभिन्न क्षेत्रका विषय विज्ञ, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, मिडियाकर्मी लगायत देश विदेशमा रहनु हुने बुद्धिजीवि तथा विकास विद एवं प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

१९. मालिकार्जुन गाउँपालिकाको सामाजिक, आर्थिक, एवं भौतिक विकास मार्फत **"समृद्ध मालिकार्जुन, सुखी मालिकार्जुनबासी"** निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/८४ को यस बजेटको कार्यान्यवनमा सरोकारवाला सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद । नमस्कार । अभिवादन ।**

कल्यान सिंह धामी
उपाध्यक्ष
मालिकार्जुन गाउँपालिका

कल्यान सिंह धामी
उपाध्यक्ष

इति संवत् २०८३ साल असार महिनाको १० गते रोज ४ शुभम् ।